# ४६ परिवारलाई सुरक्षित स्थानमा जग्गा प्रदान

दिपङ्कर श्रेष्ठ



विदुर । भूकम्पको कारण विस्थापित भएका दुप्चेश्वर गाउँपालिका-१ घ्याङफेदीका ४६ घर परिवारलाई सुरक्षित स्थानमा जग्गा खरिद गरी प्रदान गरिएको छ ।

पुरानो थलोमा पहिरो गई जमिन बसोबास गर्न योग्य नभएपछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले शिखरवेसीमा सुरक्षित स्थानमा १९ रोपनी जग्गा खरीद गरि प्रदान गरेको हो । सरकारले भूकम्पको कारण पुरानो थलोमा बस्न योग्य नभएमा जग्गा खरिदको लागि प्रतिपरिवार बढीमा दुई लाखसम्म अनुदान दिने व्यवस्था भए अनुसार सो जग्गा खरीद गरी वैशाख १६ गते प्रदान गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय सचिवालयका निमित्त प्रमुख वेदप्रसाद गौडेलले जानकारी दिए ।

४६ जनामध्ये ३४ जनाले श्रीमान श्रीमतीको नाममा संयुक्त नाममा लाजपुर्जा बनाएका छन् । साविक घ्याङफेदी गाविसबाट भूकम्पको कारण ७४ परिवार स्थानान्तरण गर्नुपर्ने सूचीमा रहेकोले बाँकीको लागि जग्गाको खोजी भईरहेको प्राधिकरणले जनाएको छ ।

उक्त जग्गा दर्ता गराउने प्रक्रियाको लागि दिगो समाधान कार्यक्रमअन्तर्गत जिल्ला भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, पिन र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला समन्वय समितिको सचिवालयको संयुक्त सहजीकरण रहेको छ । यस कार्यमा स्थानीय तह गाउँपालिका र वडा अध्यक्षहरूको पनि महत्वपूर्ण सहयोग र सहकार्य रहेको सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका जिल्ला पैरवी संयोजक विश्वास नेपालीले बताए ।

साविक घ्याङफेदी गाविसबाट भूकम्पको कारण ७४ परिवार स्थानान्तरण गर्नुपर्ने सूचीमा छन् । उनीहरुको साविकको स्थान भूकम्पको कारण पहिरो गई जोमीखयुक्त भई बसेको छ । साविकको स्थानमा घर बनाउन नसक्ने भएपछि हालसम्म पुनर्निर्माण हुन नसकेको जोखीमयुक्त क्षेत्रबासीको नयाँ घर बन्ने प्रक्रिया जग्गा खरिद गरिएपछि अघि बढ्ने छ ।

यस्तै, यस हप्ता रसुवा सरमथली गाविस वडा नं. ७ हालको नौकुण्ड गाउँपालिका वडा नं. ३ फामचेतका ३ परिवार (भीमबहादुर बोगटी, सावित्री बोगटी र धनबहादुर बोगटी) ले सोही वडाको थुम्कीखेतमा जग्गा खरिद गरेका हुन् । उनीहरूले १२ आना क्षेत्रफलको जमिन रजिष्ट्रेसन पास गरेका छन् । जग्गा पास गरिएपछि जग्गाधनी हितबहादुर न्यौपानको नाममा ६ लाख रुपियाँको चेक बनी भुक्तानी भएको छ ।